स्वदेशी लघुवित्त
वित्तीय संस्था लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'घ' वर्गको राष्ट्रीयस्तरको संस्था)
केन्द्रीय कार्यालय : ईटहरी, सुनसरी

च.न : १८/०७७/७८(कम्पनी सचिव)

मिति: २०७७/०९/१०

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

विषय :- **छैठौं वार्षिक साधारण सभाको जानकारी सम्बन्धमा ।**

महोदय,

मिति २०७७/०९/१० गते दिउँसो ३:०० बजे बसेको सञ्चालक समितिको ९९औं बैठकको निर्णयानुसार संस्थाको छैठौं वार्षिक साधारण सभा २०७७ साल माघ महिनाको ०४ गते, आइतबारका दिन सम्पन्न गर्ने निर्णय भएको हुँदा यस संस्थाको शेयरधनी महानुभावहरुको जानकारीका लागि संलग्न अनुसूची बामोजिम सूचना प्रकाशित गरिने व्यहोरा अनुरोध छ ।

धन्यवाद !

**संलग्न** :
१. छैठौं वार्षिक साधारण सभाको सूचनाको नमुना ।

भवदीय,

.....................

**राजन मगर**
का.मु. प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव

**बोधार्थ:**
१. श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललीतपुर ।

२. श्री सीडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलिसडक, काठमाडौं ।

३. श्री एन आई सि एशिया क्यापिटल लिमिटेड,
ववरमहल, काठमाडौं ।

सजिलो लघु बैंकिङ्ग

स्वदेशी लघुवित्त
वित्तीय संस्था लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'घ' वर्गको राष्ट्रीयस्तरको संस्था)
केन्द्रीय कार्यालय : ईटहरी, सुनसरी

# छैठौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७७/०९/१२)

**आदरणीय शेयरधनी महानुभावहरु,**

मिति २०७७/०९/१० गते बसेको सञ्चालक समितिको ९९औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको छैठौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपसिलका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि हार्दिक अनुरोध छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति :- २०७७/१०/०४ (तद्नुसार 17th Jan, 2021), आइतबार

समय :- ०९:०० बजे (बिहान)

स्थान :- होटल पाथिभाराको सभाहल, इटहरी-९, सुनसरी ।।

**छलफल तथा निर्णयका लागि निर्धारित विषयसूचि**

**क) सामान्य प्रश्ताव :**

१. आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ असाढ मसान्त सम्मको वासलात र आ.व. २०७६/७७ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) उपर छलफल गरी स्वीकृत गर्ने ।

३. लेखापरिक्षण समितिको सिफारिस बमोजिम आर्थिक वर्ष २०७७/७८ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

**ख) विशेष प्रश्ताव :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यू बाट पेश गरिने स्वदेशी लघुवित्त वित्तीय संस्था लि. र एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रतिवेदन प्रस्तुत, छलफल तथा पारित गर्ने सम्बन्धमा ।

२. स्वदेशी लघुवित्त वित्तीय संस्था लि. र एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने/गाभिने (मर्जर) कार्यको लागि संस्थाको सम्पत्ति दायित्व र कारोबारको मूल्याङ्कन प्रतिवेदन (DDA report) तथा सोको आधारमा निर्धारण गरेको शेयर आदान प्रदान अनुपात (Share Swap Ratio) उपर छलफल तथा पारित गर्ने सम्बन्धमा ।

३. स्वदेशी लघुवित्त वित्तीय संस्था लि. र एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धमा सम्पन्न अन्तिम समझदारिपत्र (Memorandum of Understanding) तथा सो सम्बन्धमा गठित संयुक्त मर्जर कमिटी र सञ्चालक समितिले गरेका निर्णयहरु एवं सो सम्बन्धमा भएका खर्च लगायतका सम्पूर्ण काम कारबाही अनुमोदन तथा अन्तिम स्वीकृति गर्ने सम्बन्धमा ।

४. स्वदेशी लघुवित्त वित्तीय संस्था लि. र एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी आवश्यक कार्य गर्न गराउनका लागि सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

५. स्वदेशी लघुवित्त वित्तीय संस्था लि. र एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. एक आपसमा गाभ्ने/गाभिने (मर्जर) सम्बन्धी प्रयोजनको लागि नियुक्त मूल्याङ्कनकर्ता श्री यु.के. एसोसियट्स, चार्टड एकाउन्टेन्ट्स, मध्यपुर ठिमी-३, गट्ठाघर, भक्तपुरले तयार गरेको चल-अचल सम्पत्ति तथा दायित्व मूल्याङ्कन प्रतिवेदन (Due Diligence Audit-DDA), सो प्रतिवेदनको आधारमा निर्धारण गरिएको स्वदेशी लघुवित्त वित्तीय संस्था लि. र एन आई सि एशिया लघुवित्त वित्तीय संस्था लि. को शेयर अनुपात पारित गरी गाभ्ने/गाभिने कार्यलाई अन्तिम स्वीकृति प्रदान गर्ने सम्बन्धी विषेश प्रस्ताव पारित गर्ने सम्बन्धमा ।

६. स्वदेशी लघुवित्त वित्तीय संस्था लि. र एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. बीच एक आपसमा गाभ्ने/गाभिने (मर्जर) प्रयोजनको लागि व्यवसायिक योजना तथा प्रक्षेपन तथा सम्पत्ति, दायित्व र कारोबारको मूल्याङ्कन (DDA) गर्न लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक अनुमोदन गर्ने सम्बन्धमा ।

७. प्रबन्धपत्र र नियमावलीमा तथा अन्य आवश्यक संशोधन गर्न, गभ्ने/गाभिने कार्यका लागि कुनै थप निर्णय गर्न र नियमनकारी निकायहरुबाट कुनै संशोधन हेरफेर गर्न सुझव वा निर्देशन प्राप्त भएमा सो समेत समायोजन गर्ने गरी सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

**पुनश्च :** अन्य थप जानकारीको लागि संस्थाको वेब साईट ***www.swadeshibank.com*** मा हेर्नुहुन वा संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क राख्नुहुन ।

सञ्चालक समितिको आज्ञाले,
कम्पनी सचिव

# छैठौं वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी :

१) सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको निजहरुको ठेगानामा साधारण सभाको सूचना र यस वित्तीय संस्थाको वार्षिक संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ । ठेगाना पूरा नभएका तथा उक्त कागजात प्राप्त नगर्नुहुने शेयरधनी महानुभावहरुले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन निरीक्षण गर्न यस संस्थाको सम्पर्क कार्यालय, सितापाईला, नागार्जुन-४ तथा केन्द्रीय कार्यालय, ईटहरी-९ सुनसरीमा सम्पर्क गर्न सक्नु हुनेछ । साथै, सो सम्बन्धी जानकारी यस संस्थाको वेवसाइट *www.swadeshibank.com* मा समेत उपलब्ध गराइएको छ ।

२) विश्वव्यापी रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन एवं मापदण्डहरुको सम्मान एवं परिपालना गर्दै सभामा सहभागी हुने, आफ्नो मन्तव्य राख्ने तथा मतदान गर्न सक्ने व्यवस्था मिलाइएको हुँदा कोरोना भाइरस (कोभिड १९) को संक्रमणबाट बच्न र बचाउन स्वास्थ्य सम्बन्धी निर्देशन एवं मापदण्डहरुको पालना गरी उपस्थित भैदिनु हुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध छ ।

३) वार्षिक साधारण सभामा भौतिक रुपमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ । कोरोना भाइरस (कोभिड १९) महामारीको कारण सभामा उपस्थित हुँदा २ मिटरको सामाजिक दुरी कायम हुने गरी हाजिरी तथा सभास्थलमा बस्ने व्यवस्था कायम गरिएको हुँदा भाईरस संक्रमणबाट बच्न/बचाउनको लागि आवश्यक पर्ने मास्क/पञ्जा लगायतका न्युनतम सुरक्षाको उपकरणहरु प्रयोग गर्न सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध छ । अन्यथा सभा कक्ष भित्र प्रवेश गर्न पाईने छैन । हाजिरी पुस्तिका बिहान ९ बजे देखि सभा चालु रहन्जेल सम्म खुल्ला रहनेछ ।

४) साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहाने शेयरधनीहरले संस्थाको अर्को शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात मिति २०७७/१०/०२ गते बिहान ९ बजे भित्र संस्थाको केन्द्रीय कार्यालय, ईटहरी-९, सुनसरीमा दर्ता गराई सक्नुपर्नेछ ।

५) नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरुको तर्फबाट वित्तीय संस्थाको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको महानुभावहरुले सभामा भाग लिन वा प्रतिनिधी तोक्न सक्नु हुनेछ । साथै, संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिलो नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन पाउनुहुनेछ ।

६) सभामा भाग लिन प्रतिनिधी नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैले भाग लिन वा प्रतिनिधी फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै सोको सूचना संस्थाको केन्द्रीय कार्यालय, ईटहरी-९, सुनसरीमा दर्ता गरी सक्नुपर्नेछ, अन्यथा प्रतिनिधी फेरबदल हुन सक्ने छैन । तर, सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वतः बदर हुनेछ ।

७) छलफलको विषय मध्ये विविध शिर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनहुन अनुरोध छ ।

८) सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा कक्ष भित्र प्रवेश गर्दा झोला, व्याग जस्ता वस्तुहरु नलिई आउनुहुन अनुरोध गरिन्छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनुहुन समेत अनुरोध गरिन्छ ।

९) सभा सम्बन्धी अन्य कार्यवाही कम्पनी ऐन वा प्रचलित कानून, नीति, नियम तथा निर्देशन बमोजिम हुनेछ ।

१०) अन्य जानकारीको लागि केन्द्रीय कार्यलय, ईटहरी-९ सुनसरी स्थित कम्पनी सचिवको कार्यालय (टेलिफोन : ०२५-५८७६२०/६२१) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।